बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति: २०८३/०२/२१ (बिहीबार) | स्थान: बेसीशहर नगरपालिकाको सभाहल

बैठक संख्या: ७४ औं | समय : विहानः ८.३० बजे।

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर उपप्रमुख एवम् कार्यवाहक नगर प्रमुख श्री पद्मा गुरुङज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ७४ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

## उपस्थिति:

| क्र. सं. | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | उपप्रमुख/कार्यवाहक नगर प्रमुख | पद्मा गुरुङ | |
| २ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | सुमन अधिकारी | |
| ३ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १४ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २० | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |

### सहजकर्ता कर्मचारी

| | | | |
|---|---|---|---|
| १ | कार्यक्रम अधिकृत | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | दिपेश अधिकारी | |

पद्मा गुरुङ
कार्यवाहक नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०२/२१ को बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८३/०२/२१ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

२. आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमाको सम्बन्धमा ।
   - योजना तर्जुमा कार्यतालिकाको कार्यान्वियन सम्बन्धमा ।
   - बजेट सिलिङ तथा मार्गदर्शनको सम्बन्धमा ।
   - नीति,कार्यक्रम तथा बजेट तर्जुमाका आधारहरु सम्बन्धमा ।

३. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमको सम्बन्धमा ।
   - ३ नं वडा घोषणाको अनुमोदन सम्बन्धमा ।
   - ५ नं वडा घोषणाको तयारी सम्बन्धमा ।
   - बजेट विनियोजन सम्बन्धमा ।

४. जग्गाको सम्भाव्यता अध्ययन सम्बन्धमा ।
   - फोहरमैला प्रशोधन केन्द्र निर्माणको लागि
   - ७ नं वडा कार्यालय भवन निर्माणको लागि

५. सैद्धान्तिक स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

६. लघुउद्यम विकास कार्यक्रमको सम्बन्धमा ।

७. सार्वजनिक सुनुवाई सम्बन्धमा ।

८. आयोजना कार्यक्रम संशोधन/परिमार्जन,रकमान्तर सम्बन्धमा ।

९. फुटकर कार्यक्रम/आयोजना सम्बन्धमा ।

१०. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।

११. विविध
   - बाख्रा पकेट विकास कार्यक्रमको सम्बन्धमा ।
   - गाईखुरे झरना क्षेत्रको प्रवर्द्धन सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१ : अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वियनको समिक्षा सम्बन्धमा।**

मिति २०८३/०१/२४ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो।

पद्मा गुरुङ
कार्यवाहक नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०२/२१ को बैठक

**निर्णय नं.२ : योजना तर्जुमा कार्यतालिकाको कार्यान्वयन सम्बन्धमा ।**

आगामी आर्थिक वर्ष २०८३/८४ को बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रिया शुरु भैसकेको सन्दर्भमा गत कार्यपालिका बैठकबाट योजना तर्जुमा कार्यतालिका समेत स्वीकृत भएको र सो वमोजिम गर्नुपर्ने कार्यहरुलाई समय सीमा भित्रै प्रभावकारी तवरले सुसम्पन्न गराउने विषयमा गम्भिरतापूर्वक छलफल भएको निर्णय गरियो ।

**निर्णय नं.३ : बजेट सिलिङ तथा मार्गदर्शनको सम्बन्धमा ।**

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकबाट निर्णय भए वमोजिम वडाहरुलाई पठाइएको बजेट सिलिङ र मार्गदर्शनका आधारमा वडाको बजेट सीमा भित्रका र अन्य महत्वपूर्ण आयोजना तथा कार्यक्रमहरुलाई विषयगत रुपमा प्राथमिकता निर्धारण गरी एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा समिति समक्ष निर्धारित समय सीमाभित्रै पेश गर्न वडाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४ : नीति, कार्यक्रम तथा बजेट तर्जुमाका आधारहरु सम्बन्धमा ।**

आगामी आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने सन्दर्भमा प्राप्त भएका सुझावहरु, आगामी आ.व.को लागि तोकिएका प्राथमिकताका क्षेत्रहरु तथा संघीय र प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेटसंग तदाम्यता हुने गरी नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न विषयगत समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५ : बालमैत्री वडा घोषणाको अनुमोदन सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ३ लाई बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा गर्ने सम्बन्धमा मिति २०८३/०१/२४ को नगर कार्यपालिका बैठको निर्णय नं १४ वमोजिम जिल्लास्तरीय अनुगमन समितिले औंल्याएको सुधार गर्नुपर्ने पक्षको कार्यान्वयन पश्चात नगरस्तरीय अनुगमन समितिको स्थलगत अनुगमनका आधारमा भएको निर्णय र सो पश्चात जिल्ला समन्वय समिति लमजुङको च.नं. ३२९, मिति २०८३/०२/१३ को बालमैत्री वडा घोषणाको लागि प्राप्त भएको सहमति पत्र समेतका आधारमा मिति २०८३/०२/१४ का दिन लमजुङ माविको प्राङ्गणमा आयोजित समारोहमा ३ नं वडालाई बालमैत्री वडा घोषणा गरिएको विषयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ : बालमैत्री वडा घोषणाको तयारी सम्बन्धमा ।**

बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गरी यस सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको बेसीशहर नगरपालिका वडा नं ५ ले बालमैत्री वडा घोषणाको लागि वडास्तरीय अनुगमनको प्रतिवेदन सहित जिल्लास्तरीय अनुगमन लगायत आवश्यक सहयोगको लागि नगरपालिका समक्ष अनुरोध गरेको हुँदा उक्त वडा घोषणाको लागि आवश्यक कार्य प्रक्रिया तुरुन्त अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.७ : फोहरमैला प्रशोधन केन्द्र निर्माणको लागि जग्गाको सम्भाव्यता अध्ययन सम्बन्धमा ।**

बेसीशहर नगरपालिका क्षेत्रबाट निस्कने फोहरजन्य बस्तुको व्यवस्थापन गर्ने सन्दर्भमा फोहरमैला प्रशोधन केन्द्र निर्माण गर्नुपर्ने भएको र उक्त कार्यको लागि उपयुक्त जग्गाको खोजी गर्ने क्रममा हाल बेसीशहर नगरपालिका वडा नं २ भकुण्डे थुम्कामुनि नीजि जग्गा भेटिएको हुँदा र सम्बन्धित जग्गाधनीहरुले उक्त जग्गा बिक्री गर्न सहमत समेत भएको अवस्थामा उक्त जग्गाको सम्भाव्यता अध्ययन (Feasibility Study) कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.८ : ७ नं वडा कार्यालय भवन निर्माणको लागि जग्गाको सम्भाव्यता अध्ययन सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ७ को वडा कार्यालय भवन निर्माणको लागि हालसम्म निवेदन परेका जग्गाहरुको सम्भाव्यता अध्ययन कार्य अघि बढाउने निर्णय गरियो ।

पद्मा गुरुङ
कार्यवाहक नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०२/२१ को बैठक

**निर्णय नं.९ : सैद्धान्तिक स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशित गरेका मौजुदा कानूनहरुको सम्बन्धमा कतिपय कानूनहरु आवश्यक पनि नपरेका/नपर्ने तथा कार्यान्वयनमा पनि आउन नसकेका, कतिपय कानूनहरुमा संशोधनको आवश्कयता परेको तथा कतिपय आवश्यक कानून निर्माण गर्नुपर्ने पनि हुनसक्ने भएकोले कानून खारेज, संशोधन र तर्जुमाको लागि मस्यौदा तयार गरी अगाडि बढाउन सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं.१० : लघुउद्यम विकास कार्यक्रमको सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०८२/८३ मा बेसीशहर नगरपालिका वडा नं २ मा सञ्चालन भईरहेको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (महिलासंग उपमेयर) अन्तर्गत छनौट भएका सम्भावित उद्यमीहरुले ८ दिने उद्यमशिलता तालिममा फाइबर झोला उत्पादन सम्बन्धी व्यवसाय छनौट गर्नुभएको तर यस सम्बन्धमा थप स्पष्ट हुनको लागि मिति २०८२/१२/२४ मा नगरप्रमुखको अध्यक्षतामा बसेको समन्वय बैठकले गरेको निर्णय र तत् पश्चातको स्थलगत अध्ययन, झोला उत्पादन लघु उद्यमी समुहको निर्णय र सम्बन्धित वडा कार्यालयको सिफारिस समेतको आधारमा उक्त उक्त व्यवसायलाई अघि बढाउने निर्णय गरियो र यसको लागि गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका,२०७७ मा भएको व्यवस्था वमोजिमको लागत सहभागिता हुने गरी आवश्यक मेसिन औजार खरिद गरी सो मेसिन औजार उक्त समूहलाई उपलब्ध गराउने र मेसिन सञ्चालन सम्बन्धी प्राविधिक तालिम समेत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.११ : सार्वजनिक सुनुवाई सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को तेश्रो चौमासिक अवधीको सार्वजनिक सुनुवाई २०८३ असार १५ गते भित्र विशेष गरी वडा ११ का सेवाग्राही/बासिन्दाहरुलाई लक्षित गरी सञ्चालन गर्ने र यस सम्बन्धी आवश्यक व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ : आयोजना कार्यक्रम संशोधन/परिमार्जन/ब्रेकडाउन सम्बन्धमा ।**

चालु आ.व. २०८२/८३ का लागि स्वीकृत भएका देहाय वमोजिमका नगरस्तरीय/वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम परिमार्जन/स्पष्ट पारी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**देहाय:**

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १.बालभेलाबाट आएका कार्यक्रम कार्यान्वयन, (नगरस्तरीय) खर्च संकेत नं २२७११ | ३ लाख | १. बालमैत्री वडा घोषणा कार्यक्रम सम्वन्धी खर्च, बेसीशहर नगरपालिका-३ | ३ लाख | |
| २.बालमैत्री स्थानीय शासन प्रवर्द्धन सम्बन्धी कार्यक्रम (नगरस्तरीय) खर्च संकेत नं २२५२९ | ८ लाख ५० हजार | २. बालमैत्री वडा घोषणा कार्यक्रम सम्वन्धी खर्च, बेसीशहर नगरपालिका-५ | ४ लाख ५० हजार | |
| ३.जनरल स्वास्थ्य शिविर कार्यक्रम सहकार्यमा गर्ने (नगरस्तरीय) खर्च संकेत नं २२५२९ | २ लाख | ३.सुत्केरी महिला पोषण खर्च उपलब्ध गराउने कार्यक्रम (थप) | २ लाख | |

पद्मा गुरुङ
कार्यवाहक नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०२/२१ को बैठक

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| ४.महिला लक्षित कार्यक्रम, बेनपा-१, खर्च संकेत नं २२५२९ | १ लाख २५ हजार | ४.आमा समुहको लागि भाँडाकुँडा तथा फर्निचर खरिद, बेनपा-१ | १ लाख २५ हजार | १ नं वडा कार्यालयको च.नं. १०१७,मिति २०८३/०२/२० को पत्र समेतका आधारमा |
| ५.विविध फुटकर कार्यक्रमहरु, बेनपा-२,खर्च संकेत नं २२७११ | २ लाख ११ हजार | ५.बाझारह न्याउलीखोला ट्रस पुल निर्माण, बेनपा-२ | १ लाख | २ नं वडा कार्यालयको च.नं. १६०३,मिति २०८३/०२/२० को पत्र समेतका आधारमा |
| ६.महिला, बालबालिका र सामाजिक समावेशीकरण अन्तर्गत विविध कार्य, बेनपा-२, खर्च संकेत नं २२७११ | १ लाख ७५ हजार | ६.१.शिवशक्ति आमा समूहको भवनमा सिलिङ पङ्खा जडान, बेनपा-२ | २५ हजार | |
| | | ६.२ मनकामना मन्दिरमा शौचालय मर्मत, बेनपा-२ | २५ हजार | |
| | | ६.३आमा समूहका लागि दुनोट बनाउने तालिम, बेनपा-२ | २५ हजार | |
| ७.कृषि तथा पशु प्रवर्द्धन तथा आत्मनिर्भर अभियान कार्यक्रम, बेनपा-२, खर्च संकेत नं २२७११ | १ लाख | ७.१ वडास्तरीय कृषक मञ्चका सदस्यहरुको १ दिने कृषि तथा पशु फर्म अध्ययन अवलोकन भ्रमण तथा अन्तर्क्रिया कार्यक्रम, बेनपा-२ | ५० हजार | |
| | | ७.२ पशु गोठ र खोरको लागि नेट खरिद, बेनपा-२ | ५० हजार | |
| ८. शिक्षा, बेनपा-३ खर्च संकेत नं २२७११ | २ लाख ८९ हजार | ८.१ श्री लमजुङ मावि मञ्च निर्माण, बेनपा-३ | २ लाख २० हजार | ३ नं वडा कार्यालयको च.नं. ८५७,मिति २०८३/०२/२० को पत्र समेतका आधारमा |
| | | ८.२विद्यालयहरुमा विद्यार्थीहरुलाई स्टेशनरी वितरण, बेनपा-३ | ६९ हजार | |
| ९.विविध खर्च, बेनपा-४, खर्च संकेत नं २२७११ | २ लाख १७ हजार | ९.१डाँडागाउँदेखि क्यारकुमा सम्म मोटरबाटो निर्माण, बेनपा-४ | १ लाख | ४ नं वडा कार्यालयको च.नं. ५२६, मिति २०८३/०२/२० को पत्र समेतका आधारमा |
| | | ९.२सरिता गुरुङ गोरु मरेको वापतको राहत, बेनपा-४ | १० हजार | |

[illegible]मा गुरुङ
कार्यवाहक नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०२/२१ को बैठक

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| | | ९.३ वडा कार्यालय झ्याल मर्मतमा थप, बेनपा-४ | २७ हजार | |
| १०.पर्यटन प्रवर्द्धन कार्यक्रम, बेनपा-४, खर्च संकेत नं २२५२२ | २ लाख ५० हजार | १०.१चम्डिला कुलो मर्मत, बेनपा-४ | १ लाख | |
| | | १०.२अतिरिक्त कक्षा तथा अतिरिक्त क्रियाकलाप, खेलकुँद सञ्चालन कार्यक्रमको अपुग, बेनपा-४ | ५० हजार | |
| | | १०.३ गैरीगाउँको भित्री गोरेटो बाटो मर्मत, बेनपा-४ | १ लाख | |
| ११.तल्लो कुर्पिन मोटरबाटो स्तरोन्नति, बेनपा-६ (नगरस्तरीय) खर्च संकेत नं ३११५१ | २ लाख | ११. कुर्पिन मोटरबाटो स्तरोन्नति, बेनपा-६ | २ लाख | ६ नं वडा कार्यालयको च.नं. ८१६, मिति २०८३/०२/२१ को पत्र समेतका आधारमा |
| १२.क्याम्पस मार्ग बाटो स्तरोन्नति, बेनपा-७, खर्च संकेत नं ३११५१ | ३ लाख | १२.हिमाल मार्ग बाटो निर्माण, बेनपा-७ | ३ लाख | ७ नं वडा कार्यालयको च.नं. १३१२, मिति २०८३/०२/२० को पत्र समेतका आधारमा |
| १३.कृषि प्रवर्द्धन कार्यक्रम, बेनपा-७, खर्च संकेत नं ३११३१ | १ लाख | १३. वडा कार्यालयको लागि कलप प्रिन्टर,फर्निचर,फ्रिज र अन्य आवश्यक सामाग्री व्यवस्थापन, बेनपा-७ | १ लाख | |
| १४.महिला तथा बालबालिका लक्षित कार्यक्रम, बेनपा-७, खर्च संकेत नं २२५२९ | २ लाख | १४.१ गरिब, जेहन्दार विघार्थीहरुलाई स्वीटर सहयोग, बेनपा-७ जन विकास मावि बेसीशहर | ६० हजार | |
| | | १४.२ उन्नतिशिल आमा समुह कुर्ची खरिद, बेनपा-७ | २० हजार | |
| | | १४.३बालक्लव बैठक/बाल भेला खाजा खर्च, बेनपा-७ | ५ हजार | |
| १५.फुटकर योजना तथा कार्यक्रम, बेनपा-७, खर्च संकेत नं २२७११ | ४ लाख ५२ हजार | १५.आ.व.२०८३/८४ को योजना तर्जुमा भेला खाजा खाना खर्च | १० हजार | |
| १६.फूलबारी बास्केटबल कोर्ट निर्माण, बेनपा-८, खर्च संकेत नं ३११५९(नगरस्तरीय) | ४ लाख | १६.१रिङरोड मुस्ताङहोटल पछाडिको अधुरो वाल निर्माण, बेनपा-८ | १ लाख | ८ नं वडा कार्यालयको च.नं. १३१२, मिति २०८३/०२/२० को |

पद्मी गुरुङ
कार्यवाहक नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०२/२१ को बैठक

| स्वीकृत योजना/कार्यक्रम | बजेट रु. | परिमार्जित योजना/कार्यक्रम | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| | | १६.२फिल्महल चोकबाट भित्र जाने अधुरो बाटो निर्माण, बेनपा-८ | २ लाख | पत्र समेतका आधारमा |
| | | १६.३ रमेश अधिकारीको घर पछाडिदेखि कल्पना जोशीको घरसम्म स्ल्याव निर्माण, बेनपा-८ | १ लाख | |
| १७.बालबालिका, बेनपा-८, खर्च संकेत नं २२५२९ | १ लाख ५० हजार | १७.१ ल्यापटप खरिद बेनपा-८ | १ लाख १५ हजार | |
| | | १७.२बालबालिका सम्बन्धी बैठक सञ्चालन र व्यवस्थापन खर्च, बेनपा-८ | ३५ हजार | |
| १८.ज्येष्ठ नागरिक कार्यक्रम, बेनपा-८, खर्च संकेत नं २२५२२ | १ लाख | १८.१ प्रोजेक्टर खरिद, बेनपा-८ | ६० हजार | |
| | | १८.२ ज्येष्ठ नागरिकको बैठक सञ्चालन तथा व्यवस्थापन खर्च, बेनपा-८ | ४० हजार | |
| १९.विविध फुटकर खर्च, बेनपा-८, खर्च संकेत नं २२७११ | ३ लाख ५७ हजार | १९.बेसीशहर युथ सोसाइटीलाई आर्थिक सहयोग, बेनपा-८ | १० हजार | |
| २०.विपद् व्यवस्थापन, बेनपा-८, खर्च संकेत नं २७२१२ | १ लाख | २०.सिम्ले गैरी बाटो मर्मत, बेनपा-८ | १ लाख | |
| २१.बाँझाखेत-मरनघाट बाटो निर्माण, बेनपा-१० खर्च संकेत नं ३११५१ | ३ लाख | २१झप्रि मरनघाट प्रतिक्षालय निर्माण, बेनपा-१० (२०८२/०१/२४ को निर्णय संशोधन) | ३ लाख | १० नं वडा कार्यालयको च.नं. १३७७, मिति २०८३/०२/२१ को पत्र समेतका आधारमा । |
| २२.नाङ्गेपाखा भकुण्डे जाने गोरेटो बाटो निर्माण, बेनपा-११, खर्च संकेत नं ३११५१ | १ लाख | २२. जयराम पाण्डे बाखाखोर निर्माण, बेनपा-११ (२०८२/०१/२४ को निर्णय संशोधन) | १६ हजार ५ सय | ११ नं वडा कार्यालयको च.नं. १७१७, मिति २०८३/०२/२० को पत्र समेतका आधारमा । |
| २३. विविध, बेनपा-११ खर्च संकेत नं २२७११ | ३ लाख ४७ हजार | २३.आ.व. २०८३/८४ को बस्ती/टोल भेलामा जाँदा खाजा/खाना र सम्मान कार्यक्रम समेत | २५ हजार | |

पद्मा गुरुङ
कार्यवाहक नगर प्रमुख

**बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०२/२१ को बैठक**

<table>
<tr><th>स्वीकृत योजना/कार्यक्रम</th><th>बजेट रु.</th><th>परिमार्जित योजना/कार्यक्रम</th><th>बजेट रु.</th><th>कैफियत</th></tr>
<tr><td rowspan="3">२४.फुटकर तथा विविध कार्यक्रम, बेनपा-३, खर्च संकेत नं २२७११</td><td rowspan="3">६ लाख ८ हजार</td><td>२४.१ वडाको नयाँ भवनमा फर्निचर खरिद, बेनपा-३</td><td>१ लाख ५० हजार</td><td rowspan="3">३ नं वडा कार्यालयको च.नं. ८५७,मिति २०८३/०२/२० को पत्र समेतका आधारमा ।</td></tr>
<tr><td>२४.२ बेसीशहर युथ सोसाइटी सेरालाई आर्थिक सहयोग, बेनपा-३</td><td>२० हजार</td></tr>
<tr><td>२४.३लिस्नो साहित्य मञ्च सहयोग, बेसीशहर</td><td>५ हजार</td></tr>
<tr><td>२५.१ ५० प्रतिशत अनुदानमा धानको उन्नत विउ वितरण (नगरस्तरीय)</td><td>२ लाख ५० हजार</td><td rowspan="2">२५. ५० प्रतिशत अनुदानमा धानको उन्नत विउ वितरण (बाली विकास कार्यक्रम अन्तर्गत)</td><td rowspan="2">३ लाख ५० हजार</td><td rowspan="2"></td></tr>
<tr><td>२५.२ खाद्यान्न बालीको उन्नत विउ उत्पादन कार्यक्रम (नगरस्तरीय)</td><td>१ लाख</td></tr>
<tr><td colspan="5">२६.घर नम्बर सहितको तथ्याङ्क संकलन कार्य भै रहेको हुँदा प्रत्यक घरमा घर नम्बर प्लेट टाँस गर्नको लागि नम्वर प्लेट तयार गर्ने कार्य समेतको लागि खर्च संकेत नं २२४११ को सेवा र परामर्श सेवा शिषर्कमा विनियोजन भएको रकम मध्येबाट रु. १०,००,०००।- (दश लाख) विनियोजन गर्ने ।</td></tr>
<tr><td colspan="5">२७. बजार व्यवस्थापन सम्बन्धी कार्यको लागि चालु आ.व.मा रु. ५,००,०००/- (पाँच लाख) विनियोजन भएकोमा बेसीशहर नगरपालिका-८ भीमसेन स्थानमा डिजिटल बोर्ड नयाँ जडान गर्नुपर्ने समेतको कार्यको लागि खर्च संकेत नं २२४११ को सेवा र परामर्श सेवा शिषर्कमा विनियोजन भएको रकम मध्येबाट थप रु. २,००,०००/- (दुई लाख) विनियोजन गर्ने ।</td></tr>
</table>

**निर्णय नं १३: फुटकर कार्यक्रम सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको कार्यालयमा प्रस्तावना पेश भई कार्यान्वयन/सञ्चालन गर्न मनासिव देखिएका देहायका कार्यक्रमहरुलाई देहाय अनुसार बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**देहाय:**

| क्र.सं. | कार्यक्रमको नाम | निवेदन पेश गर्ने/कार्यान्वयन गर्ने निकाय | विनियोजित बजेट | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १. | जातिय विभेद न्यूनीकरण सम्बन्धी कार्यक्रम | दलित पत्रकार संघ नेपाल लमजुङ | १०००००/- (एक लाख) | छुवाछुत र जातिय विभेद उन्मुलन सम्बन्धी कार्यक्रम (२२५२२) | |
| २. | सामाजिक सञ्जालको प्रभावकारी उपयोग, कन्टेन्ट सिर्जना तथा मल्टिमिडिया पत्रकारिता तालिम | लमजुङ दर्पण राष्ट्रिय दैनिक | ६००००/- (साठी हजार) | सूचना तथा सञ्चार प्रविधि क्षमता विकास कार्यक्रम (२२७११) | |

पद्मा गुरुङ
कार्यवाहक नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०२/२१ को बैठक

**निर्णय नं १४: संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।**

तत्कालिन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ वमोजिम बेसीशहर नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य अद्यावधिक गर्नका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १५: बाख्रा पकेट विकास कार्यक्रमको सम्बन्धमा ।**

बेसीशहर नगरपालिका पशुपन्छी तथा मत्स्य विकास शाखाको आ.व. २०८२/०८३ वार्षिक स्वीकृत संघीय सशर्त कार्यक्रम तर्फ रहेको आ.व. २०८२/०८३ मा नयाँ बाख्रा पकेट विकास कार्यक्रम कार्यन्वयनको लागि कार्यालयबाट सूचना प्रकाशन गरि पेश भएको १ थान आवेदनको प्रधानमन्त्री कृषि आधुनिकिरण परियोजनाको प्राविधिक समितिको मिति २०८३।०२।२० गतेको मुल्याङ्कन तथा स्वीकृत सिफारिस निर्णयनुसार उक्त कार्यक्रम संचालनको लागि पाङग्रेक्यू बाख्रा पकेट समूहलाई स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं १६: गाईखुरे झरना क्षेत्रको प्रवर्द्धन सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं १ स्थित गाइखुरे झरना क्षेत्रमा पर्यटकीय पूर्वाधार विकास गरी पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले नगरपालिकाको सार्वजनिक नीजि साझेदारी नीति अनुरुप बेसीशहर नगरपालिका र बोटेबोरा प्रा.लि. काठ्माण्डौ विच मिति २०७९/०६/१३ मा सम्झौता भएकोमा हालसम्म पनि उक्त कम्पनीले पूर्वाधार निर्माणको कुनै पनि कार्य शुरु नगरेको र उक्त सम्झौता कायम रहिरहेको स्थितिमा त्यस क्षेत्रको पर्यटकीय विकासको लागि अन्य निकायहरुबाट समेत बजेट विनियोजन हुन कानूनी समस्या सिर्जना भएको अवस्थालाई समेत मध्यनजर गर्दै उक्त कम्पनीसंग गरिएको सम्झौतालाई रद्द गर्न आगामी नगरसभा समक्ष सिफारिश गर्ने निर्णय गरियो ।

पद्मा गुरुङ
कार्यबाहक नगर प्रमुख